The Global Drug Policy Index

# विश्वव्यापी औषधी नीति सूचकाङ्क (THE GLOBAL DRUG POLICY INDEX -GDPI) का लागि तयारी

### अनलाईन कार्यशाला - विहिबार २२ जुलाई २०२१

### बिहान ९ बजे (लण्डन)/दिउँसो ३ बजे (बैंकक)/बेलुका ८ बजे (वेलिङ्गटन)

**दर्ता गर्न :**

*bit.do/gdpi-workshop-e*

### इन्डोनेशियन, नेपाली र थाई भाषामा अनुवादको सुविधा उपलब्ध हुनेछ।

सन् २०२१को अक्टोबरमा एक उत्साहजनक नयाँ स्रोत हामीमाझ आउँदैछ : विश्वव्यापी औषधी नीति सूचकाङ्क (THE GLOBAL DRUG POLICY INDEX - GDPI) अथवा जीडिपीआई। स्वास्थ्य, आपराधिक न्याय, औषधीमा पहुँच र विकासका सन्दर्भमा अन्तर्राष्ट्रिय असल अभ्यासहरूलाई देशहरूले आफ्ना राष्ट्रिय औषधीसम्बन्धी नीतिमा कसरी अनुसरण गरेका छन् भन्ने आधारमा यस सूचकाङ्कले प्राप्ताङ्क दिने र श्रेणीबद्ध गर्ने गर्छ।

आफ्नो पहिलो वर्षमा, विश्वभरीबाट छनोट भएका ३० वटा देशहरूमा जीडिपीआई केन्द्रित रहनेछ। प्रत्येक देशका लागि, ६० भन्दा बढी सूचकहरूबाट प्राप्त तथ्याङ्कबाट समग्र प्राप्ताङ्क निर्धारण हुनेछ - र स्थानीय नागरिक समाज साझेदारका पैरवीसम्बन्धी काममा प्रयोग गर्नका लागि यसका परिणामले सहयोग गर्नेछ।

विश्वव्यापी लोकार्पणको तयारीका क्रममा, औषधीसम्बन्धी नीति पैरवीमा संलग्न आफ्ना सदस्य तथा अन्य सहयोगीहरूलाई यस सूचकाङ्कका बारेमा थप सिकाई बढाउन आइडिपीसी (IDPC) र ह्वीन (WHRIN) आमन्त्रण गर्दछ। यस अनलाईन कार्यशालामा जीडिपीआई परियोजना र यसका विधिहरूबारे बताइने, सहभागीहरूलाई लोकार्पणका लागि तयार पार्ने, र छलफल तथा प्रश्नहरूका लागि स्थान उपलब्ध गराइनेछ।

यो कार्यशाला ९० मिनेटको हुनेछ, जसपश्चात् छनोट भएका देहायका जीडिपीआई देशका साझेदारहरूका लागि सानो समूहमा छलफल सत्र सञ्चालन हुनेछ : अष्ट्रेलिया, इन्डोनेशिया, नेपाल, न्युजिल्याण्ड र थाईल्याण्ड।

द्वारा अनुदान प्राप्त:

ROBERT CARR FUND For civil society networks



दुवारा छवि: Karolina Grabowska - Pexels